कञ्चनरुप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कंचनपुर, सप्तरी, प्रदेश नं.२, नेपाल

प.सं.०७५/०७६ फोन नं. ०३१-५६०११४
च.नं.

मितिः-२०७६/०२/१६

**विषय : साना सिंचाई र मिनि ट्रिलर सम्वन्धि सुचना ।**

यस कार्यालयको आ.ब.०७५।०७६ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि शाखाबाट देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले तल उल्लेखित शर्तको अधिनमा रहि इच्छुक कृषक सहकारी संस्था, कृषक समुह र कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र देहायका कागजात र वडा कार्यालयको सिफारिस सहित यस कार्यालयको कृषि शाखामा निवेदन पेश गर्न हुन सुचित गरिन्छ ।

**तपसिल**

१. **८५ प्रतिशत अनुदानमा साना सिंचाई (समर्सियल मोटर सहितको) जडान कार्यक्रम**
**(वडा नं. ६,७,९,११ र १२ को लागि मात्र)**

क. कार्यालयले तोकेको ढांचाको निवेदन

ख. आवेदन पेश गर्ने सहकारी/समुह/कृषकहरुले जडान कार्यको कुल लागतको १५ प्रतिशत लागत व्यहोर्ने प्रतिवद्धता पत्र ।

ग. कम्तिमा ४ विघा जमिनको क्लस्टर हुनु पर्नेछ । कृषि सहकारी वा कृषक समुहको हकमा जग्गा धनि प्रमाण पुर्जा आवश्यक नपर्ने तर २ वा सो भन्दा वढी उपभोक्ता मिलि संचालन गर्न चाहेमा जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

घ. कृषि सहकारी वा कृषक समुहको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ङ. कृषि सहकारी संस्थाको हकमा अघिल्लो आ.ब.सम्मको लेखा परीक्षण प्रतिवेदन

च. कृषि सहकारी वा कृषक समुहको हकमा संचालक समितिको निर्णयको प्रतिलिपि

२. **५० प्रतिशत अनुदानमा मिनि पावर ट्रिलर वितरण कार्यक्रम**

क. कार्यालयले तोकेको ढांचामा निवेदन

ख. आवेदन पेश गर्ने सहकारी संस्था/समुह/कृषकहरुले कुल लागतको ५० प्रतिशत लागत व्यहोर्ने प्रतिवद्धता पत्र ।

ग. कृषि सहकारीको लागि १० विघा, कृषक समुहको लागि ५ विघा र व्यक्तिको हकमा १ विघा जमिनको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

घ. कृषि सहकारी वा कृषक समुहको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ङ. कृषि सहकारी संस्थाको हकमा अघिल्लो आ.ब.सम्मको लेखा परीक्षण प्रतिवेदन

च. कृषि सहकारी वा कृषक समुहको हकमा संचालक समितिको निर्णयको प्रतिलिपि

***पुनश्च*** : माथि उल्लेखित कार्यक्रमहरुको लागि बजेट रकम भन्दा बढीको आवेदन पेश हुन आएमा नगर कार्यपालिकाको निर्णय बमोजिम छनौट भएका आवेदकहरुसंग संझौता गरी कार्यक्रम संचालन गरिनेछ ।

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत